


# दोर्दी-१ जलविद्युत खबर

श्रावण २०७६, अंक ३३

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको Headworks निर्माण कार्य तर्फ हाल Approach canal, Desendar, Gravel trap र Intake को निमार्ण कार्य भईरहेको छ । Wier, Under sluice र Intake को ५७.०% कार्य सम्पन्न भइसकेको छ भने Desander निर्माण कार्यको प्रगति ६५.० प्रतिशत पुगेको छ ।

त्यसैगरी, Penstock Pipe को निर्माण कार्य पनि तीव्र गतिमा भइरहेको छ । बुटवल स्थित मेगा हाइड्रो एण्ड इन्जीनियरिङको फ्याक्ट्रीमा Penstock को ४०० मिटर पाइप रोलीङ भइसकेको छ भने तिन वटा बेन्ड Assembly भई र १५० मिटर Penstock Pipe आयोजना स्थलमा पुगिसकेको छ । हाल पेनस्टक पाइपको Bifurcation र Gate Leaf को निर्माण कार्य तिब्र रुपमा जारी छ ।




सुरुङ खन्ने कार्यको मासिक प्रगति ।



डिस्यान्डरमा **Formworks** को कार्य हुँदै गरेको एक झलक ।

सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट ९६१.५ मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट पनि ६८६.६ मिटर सुरुङ्ग निर्माण भइसकेको छ । यसरी, आयोजनाले श्रावण मसान्त सम्म Inlet र Outlet तर्फ गरी कुल १६४८.१ मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, भदौ मसान्त सम्ममा Inlet/Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई १७९८.१ मिटर पुऱ्याउने लक्ष्यका साथ काम अघि बढिरहेको छ । श्रावण महिनाको अन्त्यसम्म सुरुङ निर्माण को कार्यको प्रगति ५२.९% भइसकेको छ ।

यसै गरी, विद्युतगृह र Penstock Line Civil Work को भौतिक निर्माण कार्य पनि २०% सम्पन्न भईसकेको छ ।

यस आयोजनाको Electromechanical कार्यको Contractor B. Fouress (P) Ltd. ले विद्युतगृहको आवश्यक Design कार्य सम्पन्न गरिसकेको छ ।

हाल विद्युतगृह निर्माण स्थलमा Earth Mat बिछ्याउने कार्य सम्पन्न भईसकेको छ । उक्त विद्युतगृहको दुवै Unit को Tailrace Gate Frame को जडान कार्य पनि सकी विद्युतगृहको Raft Foundation को निर्माण कार्य पनि निरन्तर भईरहेको छ । आगामी दिनमा विद्युतगृहको Beam र Pillar निर्माण कार्य पनि अघि बढ्नेछ ।

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको ठेक्का प्राप्त गरेको कम्पनी Cosmic Electrical Engineering Associates Pvt. Ltd. ले प्रसारण लाइनको Survey र Geotechnical Investigation कार्य सकी Design कार्य अन्तिम चरणमा पुर्‍याएको छ ।

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सबस्टेसनको निर्माण कार्य पनि तीब्र गतिमा अघि बढिरहेको छ ।



आयोजनास्थलमा जडान पूर्व भण्डार गरेका पेनस्टक पाइप ।

सबस्टेसनमा आवश्यक Bay हरुको Foundation कार्य सम्पन्न भई हाल सबस्टेसनको Equipment जडान गर्ने कार्य भईरहेको छ । नेपाल विद्युत प्रधिकरण अर्न्तगतको प्रसारण लाईन टावरको foundation पनि तिब्र गतिमा निमार्ण भईरहेको छ ।



आयोजनाको इन्टेक देखि डिस्यान्डरसम्मको **Approach Canal**



आयोजनाको विद्युतगृहमा भईरहेको निर्माण कार्य ।


सम्पादक : कृतिका भट्ट
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नः ९७७ - ०१ ४२३२७५०
वेबसाइटः www.dordikhola.com.np